"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१
च. नं : ४४१

मितिः २०८०।०६।०२

**नदीजन्य पदार्थ उत्खनन कार्य रोकिएको सम्बन्धमा ।**

कनकाइ नगरपालिकाको मध्य भागमा रहेको बिरिङ खोलाको नदीजन्य पदार्थ संकलन तथा बिक्रीका लागि यस नगरपालिकावाट सूचना प्रकाशन भई हाल ठेक्का लाग्ने प्रकृयामा रहेंकोले ठेक्काको प्रकृया पूरा नहुन्जेल सम्म नदीजन्य पदार्थ उत्खनन कार्य हाललाई रोकिएको व्यहोरा जानकारी गराईन्छ। यस निर्णयको वेवास्ता गरी अवैध रुपमा उत्खनन कार्य गरेमा कोशी प्रदेश आर्थिक अध्यादेश २०८० ले तोकेको तपशिल, उल्लेख गरे बमोजिमको जरिवाना गरिने समेत जानकारी गराईन्छ।

तपशिल

| क.स. | कसुरको किसिम | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन वा संकलन गरेको पाईएमा | रु.१,००,०००।— जरिवाना, उत्खनन वा संकलन गरिएको सामग्री जफत र तोकिएको विक्री शुल्कको दोब्बर शुल्क असुल गरिने |
| २ | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश गरी उत्खनन वा संकलन गरेमा ( प्रति मेशिन वा साधनको) | |
| | १.मेशिन, स्काभेटर, व्याक हो लोडर | २,००,०००।- |
| | २. ट्रिपर वा ट्रक | १,००,०००।- |
| | ३.मिनि ट्रक | ७५,०००।- |
| | ४. ट्रयाक्टर | ५०,०००।- |

२०८०।०६।०२

लक्ष्मीप्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत